आज मिति २०७५ साल पौष ८ गते आइतबार का दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारी ज्यूको अध्यक्षतामा तपशिल महानुभाबहरुको उपस्थितिमा नगरपालिकाको पैत्तिसौं बैठक बसी देहाय बमोजिमको निर्णय गरियो ।

**उपस्थिती :-**

| सि.नं. | पद | नाम,थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २. | उप प्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री श्रीकृष्ण अधिकारी | | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री दिपकराज जोशी | | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री सिंहराज श्रेष्ठ | | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री जगन्नाथ ढकाल | | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री महेश्वर के.शी. | | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री नरोत्तम राना | | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री केशब बहादुर खत्री | | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री जोग प्रसाद नेपाल | | |
| १२. | वडा अध्यक्ष वडा नं. १० | श्री मधुसुदन पाण्डे | | |
| १३. | वडा अध्यक्ष वडा नं. ११ | श्री उत्तम अधिकारी | | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री शोभा तमाङ्ग | | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री कल्पना घिमिरे | | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री जगतमाया प्रजापति | | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री बच्चु बस्याल | | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री संजिब सुनुबार | | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री लिला भुजेल | | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री उर्मिला बि.क. | | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री पार्बती अधिकारी | | |
| २२. | सदस्य सचिब/प्रमुख प्रशासकीय अधिकृत | श्री राजेन्द्र कार्की | | |

सहयोगी कर्मचारीहरु :-

| सि.नं. | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| १. | शाखा अधिकृत | श्री टुना बहादुर श्रेष्ठ | |
| २. | शाखा अधिकृत | श्री वासुदेव भेटवाल | |
| ३. | शाखा अधिकृत | श्री पुष्पराज खनाल | |
| ४. | लेखा अधिकृत | श्री ज्ञान बहादुर अधिकारी | |
| ५. | सू.प्र.अधिकृत | श्री बसन्त पाठक | |
| ६. | आ.ले.प.अधिकृत | श्री राजेश सिंह बस्नेत | |
| ७. | ईञ्जिनियर | श्री बिजेन्द्र श्रेष्ठ | |
| ८. | म.का. | श्री ज्योति पन्थी | |
| ९. | का.स | श्री अञ्जना गिरी | |

निर्णय :- १. तिलिङटार मा.वि.बाट पेश भएको गुरु योजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय :- २. सामुदायिक विद्यालयहरुबाट आर्थिक वर्ष ०७४/०७५ को लेखा परिक्षक नियुक्तिका लागि सिफारिश भई आएकोमा हाल लाई भ्फोर महाँकाल मा.वि.को लेखा परिक्षकमा अमिर मास्के एण्ड एसोसिएट्स (३३४७) र मनोहर मा.वि.को लेखा परिक्षकमा अनिता सिलवाल ( प्र.नं.३१८८) लाई नियुक्त गर्ने निर्णय गरियो ।

निर्णय : - ३. मनमोहन स्मृति प्रतिष्ठान सानेपा-२, ललितपुरले प्राविधिक शिक्षालय स्थापना गर्नका लागि करिब ५० रोपनी जमिन उपलब्ध गराईदिन माग गरेकोले जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक अध्ययन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय :- ४. बिविध :-

१. टोखा साँस्कृतिक सम्पदा संरक्षण दबूलाई मौलिक परम्परागत ऐतिहासिक सांस्कृतिक नगरी टोखाको परम्परागत संस्कृति तथा सम्पदाको संरक्षण एंव सम्बर्द्धन व्यवस्थापनका ( यमरी पुन्ही) लागि रु. १,५०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

२. यस नगरकार्यपालिकाको मिति २०७५।०८।१८ को विविध निर्णय नं. ४ लाई संशोधन गरी नैनदेवी हरिहर मन्दिर/सत्सर्ग आश्रम भवनको बाँकि खानेपानी व्यवस्थापन, प्राङगड्मा ढुङ्गा छाप्ने, रिटेनिङ्ग वाल निर्माण, भवनको अगाडी दुवै तिरको उकालो ढलान गर्ने गरी संसोधन गर्ने निर्णय गरियो ।

३. नगर कार्यपालिकाको मिति २०७५।०६।२२ गते बसेको बैठकको नि.नं. ४ लाई संशोधन गरी उक्त विनियोजित रकमबाट विविध विकास निर्माणको कार्यक्रम समेटी वृतचित्र निर्माण गर्ने निर्णय गरियो ।

४. यस नगर पालिका वडा नं. ३ स्थित ओम शन्ति मार्गमा रिटेनिङ्गवाल निर्माण गर्नका लागि वडा कार्यालयको सिफारिश पत्रानुसार ४०% रकम व्यहोर्ने गरी समपूरक कोषबाट रकम विनियोजन गरी दिने मांग गरिएकोले प्राविधिक ल.ई बमोजिम हुने आउने रकमको ६०% रकम समपूरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

५. यस नगरपालिका वडा नं. १० स्थित पहिरो नियन्त्रण तथा बाटो निर्माण समिति को निवेदन बमोजिम पुरानो कुवाँ हुँदै श्रृजना टोल जाने बाटो स्तरन्नोती गर्न समपुरक कोषबाट खर्च हुने गरी ल.ई.को ६०% रकम विनियोजन गर्ने निर्णय गरियो ।

६. यस टोखा नगरपालिका वडा नं. ३ स्थित सूर्य दर्शन प्रगती टोल विकास संस्था अन्तर्गत सडक ढलान र खानेपानी पाईप लाईन व्यवस्थापनका लागि मर्मत संभार कोषबाट रु. ७,००,०००।- रकम विनियोजन गर्ने निर्णय गरियो ।

७. यस नगरपालिकामा कार्यरत प्राविधिक कर्मचारहरुलाई लक्षित गरी जि.आई.एस तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

८. वडा नं. ५ को विभिन्न स्थानमा खानेपानी पाईप जडान गर्न ल.ईं बमोजिम रु. ३,९५,९१५।- मर्मत संभार कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

९. "घ" वर्ग इजाजत प्रमाण पत्र प्रदान इजाजतका लागि निवेदन दिने देहायका फर्महरुलाई घ वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क. रोयल आर्या एण्ड कन्स्ट्रक्सन प्रा.लि.,टोखा-६, काठमाण्डौं | ९८६१०५५४१७ |
| ख. ग्राण्डी कन्स्ट्रक्सन प्रा.लि, टोखा-६, काठमाण्डौं | ९८५११६४२९० |
| ग. बारीक कन्स्ट्रक्सन प्रा.लि.,टोखा-६, टोखा मार्ग, काठमाण्डौं | ९८४१३६२०६६ |
| घ. जि.एस.बिल्डर्स प्रा.लि. टोखा-९, ग्रीनल्याण्ड, काठमाण्डौं | ९८४१९११४७८ |
| ङ. ग्राण्ड इन्फ्रास्ट्रक्चर प्रा.लि.,टोखा-१०, काठमाण्डौं | ९८५११४४००८ |
| च. शिवाकोटी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., टोखा-१ भ्फोर, काठमाण्डौं | ९८६१०५५४७७ |

१०. यस नगरपालिकाको आर्थिक कार्य प्रणाली, लेखाकंनको आधार एव ढाचा र पद्दतीमा एकरुपता कायम गर्न सरल र व्यवस्थित गराउने उद्धेश्यले नेपाल सरकार अर्थ मन्त्रालयले "स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Sub National treasury regulatory application - SUTRA)" विकास गरी कार्यान्वयका लागि प.सं ०७४/७५ च.नं. २९३, मिति २०७४।०९।०२ को पत्रबाट लेखि आएकोले उक्त प्रणाली कार्यान्वयमा ल्याउने निर्णय गरियो ।

११. सबै सामुदायिक विद्यालय तथा सामुदायिक विद्यालय नभएको वडामा संस्थागत विद्यालयहरुमा धुम्रपान, मद्यपान र लागुपदार्थ दुर्व्यसनविरुद्ध तथा अन्य स्वास्थ्य चेतनासम्बन्धी विद्यालय स्तरीय सडक नाटक र विद्यालयका बालबालिकाका लागि पिएसए उत्पादन गर्ने लक्षित वर्गको विनियोजित बजेटबाट व्यहोर्ने गरी सञ्चालन गर्ने निर्णय गरियो ।

१२. यस नगरपालिका वडा नं. ७ को ढल तथा यस नगरपालिकाको वडा नं. ३ स्थित धनेश्वर मन्दिर देखि भत्केको पूल सम्म ढल तथा सडक पिच कार्यका लागि प्रदेश नं. ३ सँग समपूरक कोषबाट रु. १ करोड माग गर्ने र रु. १ करोड नगरपालिकाको समपूरक कोषबाट विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

१३. यस नगर पालिका वडा नं. ९ स्थित जल विनायक टोल विकास संस्था लाई गणेश मन्दिर प्रगाड भित्र धारा, बत्ती, ढल मर्मत तथा रंग रोगन गर्नको लागि संस्कृति संरक्षण कोषबाट रु. १,००,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

१४. ACCAC (Accessible Arts and Culture Nepal) को कार्यक्रम सञ्चालन गर्नका लागि रु. ५०,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

१५. यस नगरपालिका वडा नं. १० को कार्यालय रहेको भवनको पहिलो तला खाली गर्ने र उक्त तलामा शहरी स्वास्थ्य क्लिनिक संचालन गर्ने निर्णय गरियो ।

१६. वडा नं. ३ स्थित विरेन्द्र वाटिकामा रहेको क्रिया पुत्री भवन संरक्षण गर्न मर्मत संभारकोष बाट रु. २,००,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

१७. यस नगरपालिका वडा नं. ६ अन्तर्गत पञ्चकुमारी मार्ग टोल विकास समितिले लिला गौतमको घरबाट सञ्जय पहाडीको घर जाने बाटोमा ४०% व्यहोर्ने गरी रकम माग भएकोले उक्त कार्यका लागि ल.ई. अनुसार समपुरक कोषबाट ६०% रकम विनियोजन गर्ने निर्णय गरियो ।

१८. यस नगरपालिका वडा नं. २ अन्तर्गत उराङ्ग टोल विकास समितिले सो बस्तीमा ढल निकास व्यवस्थाका लागि ६०/४० को योजनां माग भएकोले ल.ई. अनुसार समपुरक कोषबाट ६०% विनियोजन गर्ने निर्णय गरियो ।

१९. यस नगरपालिका वडा नं ९ को भवन निर्माणका लागि कार्यपालिकाको पूर्व बैठकबाट निर्णय भएको सार्वजनिक जग्गा र नजिकको सार्वजनिक जग्गाहरुको फिल्ड रेखाङ्कनका लागि नापी कार्यालय लाई अनुरोध गर्ने निर्णय गरियो ।

२०. यस नगरपालिकाको लक्षित वर्गको विनियोजित बजेटबाट देहाय अनुसारका कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

क. लक्षित वर्ग सम्बन्धी अनुशिक्षण कार्यक्रम रु. ४८,०००।-

ख. व्यवसाय जन्य सुरक्षा र स्वास्थय सम्बन्धी तालिम कार्यक्रम रु. १,००,०००।-

ग. पुष्प व्यवसाय प्रबर्दन र पुष्प खेती सम्बन्धी तालिम रु. २,००,०००।-

घ. युवा लक्षित आधारभूत पत्रकारिता तालिम रु. २,००,०००।-

२१. ढिकुटी प्रहरी चौकीमा फिल्टर प्लान्ट र मोटर फेरेको रकम रु. ६४,०००।- मर्मत संभार कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

२२. टोखा नगरपालिका वडा नं. ४ स्थित मन के.सी.को घर देखि कृष्ण बि.क.को घर सम्म गोरेटो बाटोमा आ.व. २०७४/०७५ मा ब्लक छाप्ने कार्य भएकोमा भुक्तानी छुट हुन गएकोमा आर्थिक आ.व. २०७४/०७५ मा भुक्तानी दिन बाँकि रु. १,००,०००।- गत आ.व.को मौज्दात रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

२३. यस नगरपालिका वडा नं. ३ स्थित ढलमल टोलमा ढल तथा सडक ढलानको लागि उज्यालो बस्ती टोल सुधार समितिको माग बमोजिम ल.ई. अनुसार समपुरक कोषबाट ६०% रकम विनियोजन गर्ने निर्णय गरियो ।

२४. यस नगरपालिका वडा न.११ स्थित निर्मलवाटिका टोल सुधार समितिलाई ढल मर्मतका लागि थप रकम रु. २,००,०००।- विनियोजन गर्ने निर्णय गरियो